नेपाल सरकार
राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग
पर्सा राष्ट्रिय निकुन्ज कार्यालय
आधाभार, बारा

# बाघ-मित्र कार्यक्रम

## कार्य सञ्चालन प्रक्रिया (म्यानुअल) - २०८२



स्वीकृत गर्ने कार्यालय
पर्सा राष्ट्रिय निकुन्ज कार्यालय, अधाभार, बारा
स्वीकृत मिति : २०८२/१०/२३

# बाघ-मित्र कार्यक्रम
# कार्य सञ्चालन प्रक्रिया (म्यानुअल) - २०८२

स्वीकृत गर्ने कार्यालय

पर्सा राष्ट्रिय निकुन्ज कार्यालय, अधाभार, बारा

स्वीकृत मिति : २०८२/१०/२३


लेखन एवं सम्पादनः

रामचन्द्र खतिवडा

बरिष्ठ संरक्षण अधिकृत

पर्सा राष्ट्रिय निकुन्ज कार्यालय, आधाभार, बारा

पुनरावलोकन एवं मार्गदर्शनः

डा. बुद्धि सगर पौडेल

महा निर्देशक

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग




नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
( .......................................................................... शाखा)

फोन नं. : ४२२०८५०
: ४२२०९१२
: ४२२७९२६
फ्याक्स नं. : ४२२७६७५

पत्र संख्या : -
चलानी नं. : -

पो.ब. नं. - ८६०
बबरमहल, काठमाडौं
Email : info@dnpwc.gov.np
http//:www.dnpwc.gov.np

मितिः २०८२/१०/२०
नेपाल सम्वतः ११४६

## महानिर्देशकज्यूको सन्देश

नेपालमा बाघ संरक्षण आज हाम्रो राष्ट्रिय गौरव मात्र नभई विश्व समुदायका लागि पनि प्रेरणाको विषय बनेको छ। बाघको संख्या उल्लेखनीय रूपमा वृद्धि हुनु नेपालले अवलम्बन गरेको संरक्षण दृष्टिकोणको सफल परिणाम हो। यद्यपि, बाघ संख्या बढ्दै जाँदा मानव-बाघ द्वन्द्व न्यूनीकरण गर्दै दीगो सह-अस्तित्व प्रवर्द्धन गर्नु राज्यका संरक्षण निकायहरूको चुनौती र जिम्मेवारी दुवै बनेको छ। यही सन्दर्भमा पर्सा राष्ट्रिय निकुञ्जद्वारा तयार गरिएको **"बाघ-मित्र कार्यक्रम कार्य सञ्चालन प्रक्रिया (म्यानुअल)-२०८२"** संरक्षणलाई व्यवहारिक, सामाजिक रूपमा स्वीकार्य र समयसापेक्ष ढङ्गले अघि बढाउने एक महत्वपूर्ण दस्तावेजका रूपमा प्रस्तुत भएको छ।

यस म्यानुअलले संरक्षणलाई केवल कानुनी नियन्त्रण र दण्डको सीमाभित्र सीमित नगरी सामाजिक सहकार्य, संवाद, आपसी विश्वास र स्थानीय स्वामित्वमा आधारित उपकरणहरूमार्फत अघि बढाउने स्पष्ट दृष्टिकोण लिएको छ। मानव सुरक्षा र बाघ संरक्षणलाई परस्पर विरोधी होइन, परिपूरक लक्ष्यका रूपमा स्थापित गर्नु यस बाघ-मित्र कार्यक्रमको मूल आत्मा हो। मानव अधिकार-मैत्री संरक्षण, दण्डभन्दा प्रोत्साहन, सामाजिक समावेशिता तथा जीविकोपार्जनसँग संरक्षणको अन्तरसम्बन्धलाई यस म्यानुअलले संस्थागत रूपमा समेटेको छ।

यस म्यानुअलको तयारीमा वरिष्ठ संरक्षण अधिकृत श्री रामचन्द्र खतिवडाको नेतृत्व, व्यावहारिक एवं कानुनी अनुभव, क्षेत्रीय ज्ञान र संरक्षण प्रति प्रतिबद्धता अत्यन्त महत्वपूर्ण रहेको हुँदा उहाँप्रति विशेष धन्यवाद ज्ञापन गर्दछु। यो म्यानुअल पर्सा राष्ट्रिय निकुञ्जका साथै अन्य राष्ट्रिय निकुञ्जहरू तथा डिभिजन वन कार्यालयहरूका लागि पनि यस प्रकृतिका कार्यक्रमहरू सञ्चालन गर्दा मार्गदर्शनका रूपमा उपयोगी र कार्यान्वयनयोग्य रहने विश्वास लिएको छु। पर्सा राष्ट्रिय निकुञ्ज, सम्बद्ध डिभिजन वन कार्यालयहरू, स्थानीय तहहरू, मध्यवर्ती क्षेत्र उपभोक्ता समुदाय, बाघ-मित्र स्वयंसेवक तथा संरक्षण साझेदारहरूको संयुक्त प्रयासबाट मानव-बाघ सह-अस्तित्वको दिगो र उदाहरणीय अभ्यास स्थापना हुने अपेक्षा व्यक्त गर्दछु।

२०८२/१०/२०
..........................
बुद्धि सागर पौडेल
महानिर्देशक

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
**पर्सा राष्ट्रिय निकुञ्ज कार्यालय**
आधाभार, बारा
☎०५३-५२२०५१,५२२०४६
PARSA NATIONAL PARK
पर्सा राष्ट्रिय निकुञ्ज
२०४१

पत्र संख्या :-
चलानी नं. :-

मितिः २०८२/१०/२३
नेपाल सम्बतः ११४६

## पर्सा राष्ट्रिय निकुञ्ज संरक्षकको

# प्रकाशकीय मन्तव्य

पर्सा राष्ट्रिय निकुञ्ज तथा यसको मध्यवर्ती र सिमावर्ती वन क्षेत्र मानव-बाघ सह-अस्तित्वका दृष्टिले संवेदनशील तर सम्भावनायुक्त भूभाग हुन्। नेपालले बाघ संरक्षणमा हासिल गरेको सफलतासँगै स्थानीय तहमा मानव-बाघ अन्तरविरोध न्यूनीकरण, मानव सुरक्षाको सुनिश्चितता र समुदायमैत्री संरक्षण अभ्यास प्रवर्द्धन गर्नु संरक्षण निकायहरूको प्रमुख जिम्मेवारी बनेको छ। यही सन्दर्भमा यस कार्यालयले आफ्नै अनुभव र सिकाइका आधारमा नविनतम अभ्यासका रूपमा बाघ-मित्र कार्यक्रम प्रारम्भ गरी त्यसको प्रभावकारी कार्यान्वयनका लागि *"बाघ-मित्र कार्यक्रम कार्य सञ्चालन प्रक्रिया (म्यानुअल)-२०८२"* तयार गरेको छ।

बाघ-मित्र कार्यक्रमले संरक्षणलाई केवल कानुनी दण्डात्मक संयन्त्रमा सीमित नराखी सामाजिक सहकार्य, संवाद र विश्वासमा आधारित समुदाय-केन्द्रित दृष्टिकोण अवलम्बन गरेको छ। यसमार्फत मानव सुरक्षा, बाघ संरक्षण, मानव अधिकारमैत्री अभ्यास, सामाजिक समावेशिता तथा जीविकोपार्जनसँग जैविक विविधता संरक्षणको अन्तरसम्बन्धलाई एकीकृत रूपमा सम्बोधन गर्ने प्रयास गरिएको छ।

यस म्यानुअल तयारीमा मार्गदर्शन तथा लिखित सन्देश प्रदान गर्नु हुने राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक डा. बुद्धि सागर पौडेलज्यू प्रति हार्दिक आभार व्यक्त गर्दछु। साथै यसमा सहकार्य गरिरहनु भएका डिभिजनल वन अधिकृत, संरक्षण/वन अधिकृत लगायत कर्मचारी साथीहरु, मध्यवर्ती क्षेत्र उपभोक्ता समिति, संरक्षण साझेदार संस्थाहरु र बाघ-मित्र स्वयंसेवकहरूबाट प्राप्त योगदानप्रति धन्यवाद ज्ञापन गर्दछु।

अन्त्यमा, यो म्यानुअल बाघ-मित्र कार्यक्रम सञ्चालन गर्ने अन्य कार्यालयहरूका लागि पनि व्यवहारिक र उपयोगी हुने विश्वास लिएको छु, साथै मानव-बाघ सह-अस्तित्वको दिगो अभ्यासका लागि निरन्तर सहकार्य र समन्वय रहने अपेक्षा गर्दछु।

०८२/१०/२३
...................
(रामचन्द्र खतिवडा)
बरिष्ठ संरक्षण अधिकृत (संरक्षक)
**वरिष्ठ संरक्षण अधिकृत**

**स्वीकृत मिति : २०८२/१०/२३**

**स्वीकृत गर्ने कार्यालय : पर्सा राष्ट्रिय निकुन्ज**

# बाघ मित्र कार्यक्रम कार्य सञ्चालन प्रक्रिया (म्यानुअल) - २०८२

## प्रस्तावना

पर्सा राष्ट्रिय निकुञ्ज, यसको मध्यवर्ती क्षेत्र तथा सीमावर्ती वन क्षेत्रका बस्तीहरू मानव–वन्यजन्तु सहअस्तित्वका अत्यन्त संवेदनशील क्षेत्र हुन्। संकटापन्न बाघको प्रमुख बासस्थान रहेको यस भूभागमा पछिल्ला वर्षहरूमा मानव-बाघ द्वन्द्व बढ्दै जाँदा मानव सुरक्षामा जोखिम उत्पन्न हुनुका साथै प्रतिशोधजन्य घटनाका कारण बाघ संरक्षणमा समेत गम्भीर चुनौती देखिएको छ। यही पृष्ठभूमिमा, अन्तर्राष्ट्रिय बाघ दिवस २०२४ का अवसरमा पर्सा राष्ट्रिय निकुञ्जमा मधेश प्रदेशका माननीय मुख्यमन्त्रीज्यूद्वारा 'बाघ-मित्र अभियान' को सार्वजनिक उद्घोष भएसँगै संरक्षणमा राजनीतिक प्रतिबद्धता, सामाजिक सहकार्य र समुदायको भूमिकालाई संस्थागत गर्ने स्पष्ट दिशा तय भएको छ।

यस अभियानलाई मूर्त रूप दिन **'बाघ-मित्र कार्यक्रम'** लाई समुदाय-आधारित सामाजिक संयन्त्रका रूपमा परिकल्पना गरिएको हो। यस कार्यक्रमले वन्यजन्तु तथा जैविक विविधता संरक्षणलाई केवल कानुनी दण्ड र नियन्त्रणमा सीमित नगरी संवाद, विश्वास, सहकार्य र स्थानीय स्वामित्वमा आधारित व्यवहारिक उपाय मार्फत मानव-बाघ द्वन्द्व न्यूनीकरण र दीगो सहअस्तित्व प्रवर्द्धन गर्ने लक्ष्य राखेको छ। नविनतम अवधारणामा आधारित यस कार्यक्रमको प्रभावकारी, एकरूपता र उद्देश्य अनुकूल कार्यान्वयन सुनिश्चित गर्न आवश्यक भएकाले यो बाघ-मित्र कार्यक्रम कार्य सञ्चालन प्रक्रिया (म्यानुअल)-२०८२ तयार गरिएको हो।

यस म्यानुअलले बाघ–मित्र स्वयंसेवकहरूको भूमिका, संस्थागत संरचना, कार्यान्वयनका चरण, समन्वय संयन्त्र तथा अनुगमन प्रणालीलाई स्पष्ट रूपमा परिभाषित गर्दछ। पारदर्शिता, जवाफदेहिता, मानव अधिकार-मैत्री संरक्षण र दण्ड भन्दा प्रोत्साहनमा आधारित अभ्यासलाई प्राथमिकता दिँदै पर्सा राष्ट्रिय निकुन्जले तयार गरिएको यो म्यानुअल अन्य निकुञ्ज/डिभिजन वन कार्यालयहरूका लागि समेत उपयोगी हुने अपेक्षा गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

यस म्यानुअलको नाम बाघ मित्र कार्यक्रम कार्य सञ्चालन प्रक्रिया (म्यानुअल)-२०८२ रहेको छ । यो कार्यालयबाट लागू गर्ने निर्णय भएको मितिबाट लागु हुने छ ।

**२. परिभाषा :**

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस म्यानुअलमा

क. **'बाघ मित्र'** भन्नाले बाघ मित्र स्वयंसेवक र मानर्थ बाघ मित्र समेतलाई सम्झानु पर्छ ।

ख. **'विभाग'** भन्नाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागलाई जनाउदछ ।

ग. **'निकुञ्ज'** भन्नाले पर्सा राष्ट्रिय निकुञ्ज कार्यालय, अन्तर्गतका सेक्टर र रेञ्ज पोष्टलाई समेत सम्झनु पर्दछ ।

घ. **'डिभिजन वन कार्यालय'** भन्नाले बाघ मित्र कार्यक्रम कार्यान्वयन गर्ने सम्वन्धित डिभिजन वन कार्यालयलाई सम्झनु पर्दछ ।

ङ. **'स्थानीय तह'** भन्नाले पर्सा राष्ट्रिय निकुन्जको मध्यवर्तिमा अवस्थित स्थानीय पालिकाहरु र सोको वडा कार्यालयलाई समेत ससम्झनु पर्दछ ।

च. **'उपभोक्ता समिति'** भन्नाले निकुञ्ज कार्यालयमा दर्ता भएका सम्वन्धित मध्यवर्ती उपभोक्ता समितिहरुलाई सम्झनु पर्दछ ।

छ. **'जैविक मार्ग'** (कोरिडर) भन्नाले वन्यजन्तुहरु एक वासस्थानवाट अर्को वासस्थानमा आवतजावत गर्ने बाटो सम्झनु पर्दछ ।

ज. **'समुदायमा आधारित बन'** भन्नाले  मध्यवर्ती सामुदायिक बन, सामुदायिक बन, साझेदारी बन, कबुलियती बन, धार्मिक बन लयायतका समुदायले ब्यबस्थापन गरेका बनलाइ सम्झनु पर्दछ

झ. **'कार्यालय'** भन्नाले पर्सा राष्ट्रिय निकुन्ज कार्यालयका साथै बाघमित्र कार्यक्रम संचालन भएका अन्य राष्ट्रिय निकुन्ज कार्यालय तथा डिभिजन बन कार्यालयलाइ सम्झनु पर्दछ।

**३. कार्यक्रम कार्यान्वयन हुने क्षेत्र :**

यो म्यानुअल वाघ मित्र कार्यक्रम संचालन गर्ने कार्यालयले निर्णय गरी आफ्नो क्षेत्राधिकार रहेको स्थानमा सम्बन्धित कार्यालयले नै परिपालना गर्न गराउन सक्नेछ ।

**४. बाघ मित्र कार्यक्रम (Bagh Mitra Program) अवधारणा :**

बाघ मित्र कार्यक्रम मानव-बाघ द्वन्द्व न्यूनीकरण, सह-अस्तित्व प्रवर्द्धन र समुदायलाई संरक्षणको केन्द्रमा राख्ने उद्देश्यले सञ्चालन हुने समुदाय-आधारित सामाजिक संयन्त्र हो। यस कार्यक्रमले संरक्षणलाई केवल कानुनी दण्डको विषय नभई स्थानीय जीविकोपार्जन, स्वामित्व र साझेदारीसँग जोडेर अघि बढाउँछ।

## ५ . बाघ-मित्र कार्यक्रम सञ्चालनका मूल सिद्धान्त (Guiding Principles of Bagh Mitra Program)

### ५.१ बाघ संरक्षणमा कानुनी संयन्त्रको विकल्पमा रहेको सामाजिक उपकरणको समेत प्रयोग

बाघ मित्र कार्यक्रम संरक्षणलाई केवल कानुनी दण्ड, जरिवाना र नियन्त्रणमा आधारित विषयको रूपमा नहेरी सामाजिक स्वीकृति, विश्वास र नैतिक दबाबमा आधारित व्यवस्थापन प्रणालीका रूपमा अघि बढाउँछ। कानुनको प्रयोग अन्तिम उपायका रूपमा रहन्छ भने समुदाय–आधारित सामाजिक उपकरणहरू (संवाद, सहकार्य, सचेतना, प्रारम्भिक चेतावनी) प्राथमिक माध्यम बन्छन् ।

### ५.२ मानब-बाघ सह–अस्तित्व (Human–Tiger Co-existence)

मानिस र बाघबीच द्वन्द्व अपरिहार्य होइन भन्ने मान्यतालाई व्यवहारमा उतार्नु कार्यक्रमको मूल दर्शन हो। सामाजिक उपकरणमार्फत जोखिम न्यूनीकरण गर्दै मानव सुरक्षा र बाघ संरक्षणलाई समानान्तर रूपमा अघि बढाइन्छ।

### ५.३ सहभागितामूलक संरक्षण (Participatory Conservation)

संरक्षणको जिम्मेवारी राज्यको मात्र नभई समुदायको पनि हो भन्ने अवधारणा स्थापित गरिन्छ। निर्णय, कार्यान्वियन र अनुगमनमा समुदायको सक्रिय सहभागिताले कानुनी दण्डको आवश्यकता स्वतः घटाउँछ।

### ५.४ स्थानीय स्वामित्व र सामाजिक वैधता (Local Ownership & Social Legitimacy)

कार्यक्रम स्थानीय आवश्यकता, संस्कृति र ज्ञानमा आधारित हुँदा समुदायमा उच्च सामाजिक स्वीकृति प्राप्त हुन्छ। सामाजिक वैधताले कानुनी अधिकारभन्दा प्रभावकारी नियमनको भूमिका खेल्छ।

### ५.५ पारदर्शिता र जवाफदेहिता (Transparency & Accountability)

कार्यालय मार्फत कार्यक्रमका सबै गतिविधि, निर्णय र स्रोत परिचालन खुला र जवाफदेही बनाइन्छ। पारदर्शिताले अविश्वास घटाई विवादहरु समाधान गर्न मद्धत पुर्याउछ ।

### ५.६ विज्ञान-आधारित तर सामाजिक रूपमा संवेदनशील व्यवस्थापन

बाघको इकोलोजी [Ecology], व्यवहार र वासस्थान सम्बन्धी वैज्ञानिक तथ्यलाई निर्णयको आधार बनाउन कार्यालय मार्फत जोड दिइन्छ । ती वैज्ञानिक निष्कर्षलाई समुदाय–मैत्री भाषामा रूपान्तरण गरी सामाजिक उपकरणका रूपमा प्रयोग गर्न सकिने छ ।

## ५.७ मानव अधिकार–मैत्री संरक्षण

संरक्षणका नाममा डर, हस्तक्षेप, दबाब वा अधिकार उल्लङ्घन नगर्ने प्रतिबद्धताको लागि कार्यालयले बिशेष जोड दिइन्छ। सामाजिक टुल्समार्फत पीडितको सम्मान, सुरक्षा र न्याय सुनिश्चित गरिन्छ।

## ५.८ दण्डभन्दा प्रोत्साहनमा र आर्थिक अवसरमा जोड

अवैध गतिविधि रोक्न कार्यालयले कानुनी दण्डभन्दा सकारात्मक प्रोत्साहन र अवसर सिर्जनालाई प्राथमिकता दिइन्छ। संरक्षणलाई सजाय होइन, सामाजिक प्रतिष्ठा र आर्थिक अवसरसँग जोडिन्छ।

## ५.९ संवाद, विश्वास र द्वन्द्व-न्यूनिकरण

अन्तरविरोधहरु न्यूनीकरणको लागि संवाद र मध्यस्थता अपनाइन्छ। बाघ मित्र स्वयंसेवकले सम्बन्धित समुदाय, समुदायमा आधारित बन उपभोक्ता समुह, मध्यवर्ती उपभोक्ता समिति, स्थानीय तह र कार्यालयबीच विश्वास निर्माण गर्न आबस्यक पहल गर्न सक्नेछन् ।

## ५.१० लैङ्गिक तथा सामाजिक समावेशिता

कार्यालयले सम्बन्धित सरोकारवालहरुसंगको समन्वयमा महिला, दलित, आदिवासी, युवा र सीमान्तकृत समुदायको सक्रिय सहभागिता सुनिश्चित गरिन्छ। समावेशिताले सामाजिक उपकरणको पहुँच र प्रभावकारिता दुवै बढाउँछ।



## ६ . संस्थागत भूमिका

### ६.१ केन्द्रिय स्तर

कार्यक्रमको प्रभावकारिताको लागि केन्द्रिय स्तरबाट राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले कार्यालयलाई आवश्यकतानुसार नीति निर्देशन र प्राविधिक मार्गदर्शन प्रदान गर्न सक्ने छ । साथै संरक्षण साझेदार निकायले आवश्यकतानुसार वित्तीय र प्राबिधिक सहयोग एवं सहकार्य गर्न सक्ने छन् ।

### ६.२ कार्यालय एबं कार्यान्वयन तह

कार्यक्रम संचालन हुने कार्यालय कार्यक्रमको प्रमुख कार्यान्वयनकर्ता र समन्वयकर्ता हुन्छ। कार्यालयले बाघ मित्र कार्यक्रम समन्वय इकाई रुपमा काम गर्न कुनै शाखालाई तोकी सो इकाईले सम्बन्धित सरोकारवाला, स्थानीय समुदाय, वाघ मित्र स्वयंसेवक र कार्यालय बीच समन्वय एवं सहजीकरणको भूमिका निर्वाह गर्न सक्ने छन् ।

### ६.३ मध्यवर्ती क्षेत्र उपभोक्ता समिति, सामुदायमा आधारित वन उपभोक्ता समुह र स्थानीय तह

मध्यवर्ती क्षेत्र उपभोक्ता समिति/समुदायमा आधारित वन उपभोक्ता समुहहरु यस कार्यक्रमको सामाजिक आधार हो। बाघ मित्र स्वयंसेवकहरु र स्थानीय तहले प्रत्यक्ष कार्यान्वयन र कार्यक्रमको दीगोपाना सुनिश्चितको लागि सहकार्य गर्न सक्नेछन ।



## ७ . बाघ मित्र कार्यक्रम कार्य सञ्चालन प्रक्रियाका चरणहरु

### ७.१ चरण–१ : पूर्वतयारी तथा आधार निर्माण (Preparatory Phase)

#### ७.१.१ क्षेत्र छनोट

बाघ तथा हिंसक वन्यजन्तुहरु आवत–जावत हुने, द्वन्द्व बढी हुने र जोखिमयुक्त क्षेत्रलाई प्राथमिकतामा राखिन्छ। राष्ट्रिय निकुन्जको मध्यवर्ती क्षेत्र (Buffer Zone) तथा सिमाबर्ती वन र जैविक मार्ग (करिडोर) क्षेत्रलाई रणनीतिक रूपमा समेटिन्छ। यसको आधारमा आबस्यक्तानुसार बढीमा ३० क्लस्टर [एकाई] मा बिभाजन गर्न सकिने छ ।

#### ७.१.२ सरोकारवाला पहिचान

प्रभावित समुदाय, समुदायमा आधारित वन उपभोक्ता समुह, महिला, युवा र किसान समूहलाई पहिचान गरिन्छ ।सम्बन्धित स्थानीय तहलाई सुरुदेखि नै साझेदार बनाइन्छ ।

#### ७.१.३ आधारभूत अध्ययन

मानव–बाघ द्वन्द्वको अवस्था, कारण र प्रवृत्ति नक्साङ्कन गरिन्छ। सामाजिक–आर्थिक अवस्था र बाघको वासस्थान तथा करिडोरको अध्ययन गरिन्छ

**अपेक्षित उपलब्धि: Bagh Mitra Priority Map तयार गरी** यसले कार्यक्रमको प्राथमिक क्षेत्र, सन्चालन गर्नु पर्ने क्रियाकलापको दिशा स्पष्ट गर्छ। भविष्यका प्राथमिकीकरण, निर्णय र लगानी यही आधारमा तय गर्न सकिने छ ।

### ७.२ चरण–२ : बाघ मित्र स्वयंसेवक छनोट तथा अध्यावधिक

#### ७.२.१ स्वयंसेवक छनोट गर्दा ध्यान दिनु पर्ने कुराहरु

क. स्थानीय, जिम्मेवार र संरक्षणप्रति प्रतिबद्ध भै अनुसूची-१ मा उल्लेखित आचार संहिता पालना गर्न प्रतिबद्धता गर्ने व्यक्तिलाई बाघ मित्र स्वयं सेवक छनौट गर्न को लागि प्राथमिकता दिइन्छ। लैङ्गिक र सामाजिक समावेशितालाई बिशेष ध्यान दिईन्छ ।

ख. मध्यवर्ती उपभोक्ता समिति, समुदायमा आधारित वन उपभोक्ता समुह र कार्यालयको सम्बन्धित सेक्टर/सब-डिभिजन, रेन्ज पोष्टहरुको समन्वय र सिफारिसमा पहिलो चरणमा टोल बस्ती अनुसार कार्यक्रम संचालन गरिने पुरा कार्यक्षेत्रलाई कार्यालयले आवश्यकतानुसार बढीमा ३० इकाई (क्लस्टर)मा बिभाजन गर्न सक्ने छ । बिभाजन गरिएको प्रत्येक क्लस्टरबाट १ जनाको दरले फोकल ब्यक्ति [बाघ मित्र स्वयं सेवक] चयन गर्न सकिने छ । यसले छरितो, प्रभावकारी र समुदाय-नजिक भै काम गर्ने अधार सुनिश्चित गर्छ।

ग. साथै पहिलो चरणमा छनौट भएका फोकल ब्यक्ति [बाघमित्र स्वयं सेवक] हरुलाई प्रसिक्षण (ToT) दिई दक्ष-प्रशिक्षक भएको सुनिश्चित गरी दोश्रो चरणमा स्थानीय स्तरमा बाघ मित्र अभियानको बारेमा प्रचार प्रसार गरी उत्प्रेरणा जगाई आ-आफ्नो क्लस्टरमा कार्यालयको निर्देशानुसार प्रत्येक क्लस्टरको लागि थप ५ देखि १५ जना सम्म बाघ मित्र पहिचान गरी सिफारिस गर्न कार्य-सूची (ToR) दिन सकिने छ।

घ. यस्तै गरी कार्यालयले आवश्यकतानुसार थप चरणहरुको मध्यमबाट बाघ मित्रहरु छनौट गर्न गराउन सक्नेछ।

ङ. बाघ मित्र कार्यक्रम/अभियानमा प्रतिबद्धता जनाउने प्रतिष्ठित व्यक्ति र संस्थाहरुलाई कार्यालयले आवश्यकतानुसार मानार्थ वाघ-मित्रको पहिचान प्रदान गर्न सक्नेछ। मानार्थ बाघ-मित्रहरुले कार्यक्रमलाई थप प्रभावकारि वनाउनको लागि कार्यालयलाई सुझाव सहित पृष्ठपोषण प्रदान गर्न सक्नेछन।

### ७.२.२ बाघ मित्र स्वयं सेवकको पहिचान तथा जिम्मेवारी प्रदान

कार्यालयले बाघ मित्र स्वयंसेवकलाई आचारसंहिता र स्पष्ट जिम्मेवारी दिइन्छ। यसले अधिकार भन्दा दायित्वलाई केन्द्रमा राख्ने संस्कृति विकास गर्छ।

**अपेक्षित उपलब्धि: Bagh Mitra Volunteers को अभिलेख कार्यालयमा राखिने छ** । कार्यालयमा अभिलेख रहेका बाघ मित्र स्वयंसेवकहरुले कार्यालय र समुदाय दुवैको विश्वास पाउँछन । यसले कार्यक्रमको प्रभावकारिता बढाउँछ ।

## ७.३ चरण–३ : क्षमता विकास तथा तालिम

### ७.३.१ अनिवार्य तालिम मोड्युल

स्वयंसेवकलाई बाघ लगायत वन्यजन्तुहरुको व्यवहार, मानब-वन्यजन्तु द्वन्द्व व्यवस्थापन, कानुन र संचार सम्पर्क सम्बन्धी आधारभूत ज्ञान दिइन्छ। यसले उनीहरूलाई समाधानकर्ता र उत्प्रेरकको भूमिकामा सक्षम बनाउँछ।

### ७.३.२ प्रयोगात्मक अभ्यास र पुर्ब-अभ्यास

**नमुना पुर्ब-अभ्यास**(Mock Drill) र अन्य प्रयोगात्मक पुर्ब-अभ्यास मार्फत वास्तविक अवस्थाको तयारी गराइन्छ। जोखिम अवस्थामा सुरक्षित र संयमित प्रतिक्रिया सुनिश्चित गरिन्छ।

**अपेक्षित उपलब्धि:**
तालिमप्राप्त बाघमित्र स्वयंसेवक (**Trained Bagh Mitra)** नै कार्यक्रमको मुख्य सामाजिक टुल बन्छन्।उनीहरूको विश्वसनीयता समुदायमा उच्च हुन्छ।

## ७.४ चरण–४ : कार्यक्रम कार्यान्वयन (Operational Phase)

### ७.४.१ प्रारम्भिक सूचना प्रणाली (Early Warning)

बाघ तथा समस्याग्रस्त वन्यजन्तु देखिएको सूचना तुरुन्त संकलन र प्रसारण गरिन्छ। यसले मानवीय क्षति हुनुअघि नै सावधानी अपनाउन मद्दत गर्छ। यसलाई प्रविधिको प्रयोग गरी सहज गर्न सकिने छ ।

### ७.४.२ फिल्ड भ्रमण, अबलोकन तथा निगरानी

बाघ तथा समस्याग्रस्त वन्यजन्तु देखिएको सूचना प्राप्त भएको समुदायमा आधारित वन क्षेत्रमा आबस्यक्तानुसार सुरक्षित तबरले सामुदायिक फिल्ड भ्रमण अबलोकन तथा निगरानी र वन्यजन्तुको जैविकमार्ग (करिडोर) मा निगरानी गरिन्छ। यसले डर होइन, सुरक्षा र उपस्थितिको अनुभूति दिन्छ।

### ७.४.३ द्वन्द्व व्यवस्थापन

बाघ-मित्रहरुसंगको समन्वयमा मानिस र बन्यजन्तु दुबैको क्षेती हुन नदिनको लागि तत्काल सामाजिक हस्तक्षेप गरिन्छ। भीड नियन्त्रणको लागि बाघ-मित्रहरुले त्यस स्थानमा खटिएका कार्यालयको कर्मचारी र सुरक्षाकर्मीको टोलिसँग समन्वय गरी सहजीकरण गर्न सक्नेछन ।

### ७.४.४ राहत सहजीकरण

बाघमित्रहरुले क्षति प्रमाणीकरण र राहत प्रक्रियामा पीडितलाई सहयोग गर्न सक्नेछन । यसले वन्यजन्तु पिडितको कानुनी अधिकार व्यवहारमा रूपान्तरण गर्न टेवा पुग्नेछ ।

**अपेक्षित उपलब्धि:: Reduced Conflict Incidents**
द्वन्द्वका घटनाको संख्यामा कमि आउछ । विरोध र अविश्वास पनि घट्छ। समुदाय–कार्यालय सम्बन्ध बलियो हुन्छ।



## ७.५ चरण–५ : जीविकोपार्जन र प्रोत्साहन क्रियाकलापहरु

### ७.५.१ प्रोत्साहन कार्यक्रम

कार्यालयले तोकिएबमोजिमको कार्यमा खटिईरहेका पहिलो चरणका बाघ मित्र स्वयंसेवकलाई सामान्य मोबिलिटीको लागि खर्च, पहिचान तथा प्रचारप्रसार सामग्री, बीमा र सम्मान प्रदान गर्न सकिने छ । यसले वन्यजन्तु संरक्षणलाई बोझ होइन, मूल्यवान सेवा बनाउन टेवा पुग्नेछ।

### ७.५.२ वैकल्पिक आयआर्जन

बहुसरोकारवालाहरू (स्थानीय तह, मध्यवर्ती क्षेत्र उपभोक्ता समिति, समुदायमा आधारित वन उपभोक्ता समुह, निजी क्षेत्र तथा संरक्षण साझेदार संस्था लगायत) को सहकार्यमा पर्या-पर्यटन (Eco-tourism), Homestay, NTFPs लगायत हरित इन्टरप्राइजेज प्रवर्द्धन, सीपमूलक तालिम, लघु उद्यम मार्फत वैकल्पिक आयआर्जनका अवसरहरू सिर्जना गर्न प्राथमिकता दिई कार्यालय मार्फत आबस्यक्तानुसार पहल हुने छ। जसले गर्दा बाघ सहित जैविक विविधता संरक्षण र स्थानीय रोजगारीबीच प्रत्यक्ष सम्बन्ध स्थापित गरी समुदायलाई संरक्षणको सक्रिय साझेदार बनाउन टेवा पुग्नेछ।

मानव–वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि जोखिममा रहेका समुदायलाई लक्षित गरी सुरक्षित पशुचौपाया गोठ निर्माणमा सहयोग/अनुदान तथा वन्यजन्तु बस्तीमा प्रवेश रोक्न मेस जाली र इलेक्ट्रिक फेन्स जस्ता संरचनात्मक सुरक्षा उपायहरूको निर्माण र सुधारमा सहयोग गर्ने प्रकृतिको क्रियाकलाप संचालन गर्न कार्यालयले प्राथमिकता दिने, जसले जीविकोपार्जन सुरक्षा र मानव–वन्यजन्तु सह–अस्तित्वलाई दीगो बनाउन टेवा पुग्नेछ।

**अपेक्षित उपलब्धि: Conservation-linked Livelihood बाट स्वरोजगार सिर्जना भै आयआर्जन र बन्यजन्तुको जोखिम न्यूनीकरण हुन थालेपछि अन्तरविरोध आफैं घट्छ। मानब-वन्यजन्तु सह–अस्तित्व दीगो बन्छ।**

## ७.६ चरण–६ : अनुगमन, मूल्यांकन र प्रतिबेदन पेश गर्ने

### ७.६.१ नियमित अनुगमन

गतिविधि, द्वन्द्व तथ्याङ्क र स्वयंसेवकको काम नियमित रूपमा अनुगमन गरी समीक्षा गरिन्छ। तथ्यमा आधारित सुधार गरिन्छ।

### ७.६.२ कार्यक्रम कार्यन्वयन तथा अनुगमन समिति

- संयोजक : कार्यालय प्रमुख
- सदस्य : सम्बन्धित मध्यवर्ती उपभोक्ता समिति वा सम्बन्धित समुदायमा आधारित वन समुहको प्रतिनिधि मध्येबाट २ जना
- सदस्य : संरक्षण साझेदार संस्थाको फिल्ड प्रतिनिधि १ जना
- **सदस्य सचिव : कार्यालयले तोकेको शाखा/फाँट प्रमुख** - १ जना

### ७.६.३ मूल्यांकन

वार्षिक प्रभाव मूल्यांकन र समुदाय धारणा सर्वेक्षण गरिन्छ। कार्यक्रम समुदायले कसरी लिएको छ भन्ने मूल्याङ्कन गरिन्छ।

### ७.६.४ ज्ञान व्यवस्थापन

सिकाइ, सफल अभ्यास र चुनौतीहरू अभिलेख गरिन्छ। नीतिगत सुधारका लागि पृष्ठपोषण (फिडब्याक) प्रदान गरिन्छ।

**अपेक्षित उपलब्धि:** प्रमाणमा आधारित रहेर कार्यक्रममा सुधार गरिन्छ **(Evidence-based Improvement)** । जसले गर्दा बाघमित्र कार्यक्रम स्थिर होइन, निरन्तर सुधार हुने बनाइन्छ। जसले गर्दा नीति र अभ्यासबीच सकारात्मक अन्तर सम्बन्ध निर्माण हुन्छ।



### ७.७ चरण–७ : दीगोपना र प्रभावकारीता

#### ७.७.१ विभागीय समर्थन र स्थानीय तहसंग सहकार्य

मौजुदा कानुन, कार्यविधि र निर्देशिका मार्फत विभागीय निर्देशानुसार यस अभियान/कार्यक्रमलाई थप प्रभावकारी वनाउन सकिने छ । स्थानीय तहको नीति र योजनामा समावेश गर्न कार्यालयबाट पहल गर्न सकिने छ ।

#### ७.७.२ वित्तीय दीगोपना

बाघ मित्र कार्यक्रमको वित्तीय दिगोपनाको लागि विभागीय निर्देशन/सुझाव अनुरुप मध्यवर्ती क्षेत्र व्यबस्थापनको लागि सालबसाली बिनियोजन हुने ससर्त अनुदानको नियमित बजेट, प्रदेश तथा स्थानीय तहको बजेट/कार्यक्रम, संरक्षण साझेदार संस्थाको वित्तीय सहकार्य र बिजिनेस/कर्पोरेट संस्थाहरुले गर्ने कर्पोरेट सामाजिक उत्तरदायित्व (CSR) स्रोत परिचालन गर्न कार्यालयबाट आबस्यक पहल गर्न सकिने छ । कार्यालयबाट बाघमित्र कार्यक्रमलाई सालबसाली रुपमा संचालन गर्न गराउन विभागीय निर्देशन अनुसार आवश्यक पहल गर्न सक्ने छ ।

#### ७.७.३ कार्यक्रम विस्तार गर्न सकिने

बाघमित्र कार्यक्रम सम्बन्धित कार्यलयको तालुक निकायको सुझाव एवं निर्देशानुसार थप कर्यालयहरुमा विस्तार गर्न सकिने छ । सफल अभ्यासलाई अन्य कार्यालयहरुले लागु गर्न सक्ने छन् ।

**अपेक्षित उपलब्धि: बाघ मित्र कार्यक्रमलाई सफल अभ्यास एवं मोडेलको रुपमा कार्यालयले निरन्तरता दिई सस्थागत रुपमा संचालन गर्न गराउन सक्ने छ । बाघमित्र कार्यक्रम बाघ संरक्षणको सफल अभ्यास र मोडेलको रुपमा थप कार्यालयहरुमा लागू गर्न सकिने छ।**



## ८ . बिबिध

### ८.१ जोखिम व्यवस्थापन (Risk Management)

बाघ मित्र स्वयंसेवकको सुरक्षा, राजनीतिक दबाब/हस्तक्षेप  र गलत सूचना (अफबाह) लाई पूर्वानुमान गरी कार्यालयबाट व्यवस्थापन गरिन्छ। कार्यालयबाट कार्यक्रम संचालन गर्दा मानव अधिकारको संवेदनशीलतालाई सबै चरणमा प्राथमिकता दिइन्छ।

### ८.२ अपेक्षित समग्र परिणाम

मानव–बाघ द्वन्द्व न्यूनीकरण भई समुदाय–कार्यालय विश्वास सुदृढ हुन्छ। बाघ लगायत वन्यजन्तु संरक्षणमा स्थानीय स्वामित्व बढ्दै दिगो सह–अस्तित्वको उदाहरण स्थापित हुन्छ।

### ८.३ कार्यक्रमको प्रभावकारिता अध्ययन :

स्वतन्त्र बिज्ञबाट कार्यक्रमको प्रभावकारिता अध्ययन गराई सो अध्ययनको सुझावको आधारमा कार्यक्रमलाई थप प्रभावकारी बनाउन कार्यालयले कार्यक्रमको स्वरुपमा परिमार्जन गर्न सकिने छ ।

### ८.४ कार्यान्वयन सहजीकरण :

कार्यक्रमलाई थप प्रभावकारी र सहज वनाउन यस म्यानुअलको व्याख्या वा परिमार्जन गर्नु आबस्यक देखिएमा यो म्यानुअल स्वीकृत गरि कार्यान्वयन गर्ने कार्यालयले गर्ने सक्ने छ ।

### ८.५ प्रचलित कानुन बमोजिम हुने :

यस म्यानुअलमा उल्लेखभएका कुराहरु प्रचलित कानुनसंग बाझिएमा बाझिएको हद सम्म प्रचलित कानुन बमोजिम नै हुने छ ।



## अनुसूची-१

### बाघ-मित्र स्वयंसेवकको आचार संहिता (Code of Conduct for Bagh-Mitra Volunteers)

बाघ मित्र स्वयंसेवकहरूलाई समुदाय र कार्यालय बीच सहजकर्ताको भूमिकामा जिम्मेवार, संवेदनशील र संयमित भूमिकालाई प्रभावकारी बनाउने उद्देश्यले तपसिलमा उल्लेखित **गर्नु पर्ने (✓Do's)** र **गर्न नहुने (✕ Don'ts)** कार्यहरुलाई कडाईका साथ लागू गर्न यो अचार संहिता तर्जुमा गरिएको छ ।

**क . बाघ मित्र स्वयंसेवकले गर्नु पर्ने कार्यहरू (✓10 Do's):**

१ . **शान्ति र संयमताका लागि नेतृत्व लिने :** बाघ वा वन्यजन्तुद्वारा मानवीय क्षति वा घटनापछि समुदायमा डर, आक्रोश वा द्वन्द्व फैलिन नदिन संयम र सहानुभूतिको सन्देश फैलाउने प्रयत्न गर्ने ।

२ . **राहत र उपचार प्रक्रियामा सक्रिय सहजीकरण गर्ने :** मानवीय क्षतिमा कार्यालय वा स्थानीय प्रहरी, प्रशासनसँग समन्वय गरी तत्काल उपचार, शव व्यवस्थापन र राहत सुनिश्चित गर्न सहयोग गर्ने ।

३ . **पशु क्षतिमा सुरक्षित र वैज्ञानिक शव व्यवस्थापनमा सहयोग गर्ने :** बाघ वा वन्यजन्तुले मारेको पशुको खाडल खानी डिस्पोजल गर्न सहजीकरण गर्ने, स्वास्थ्य, वातावरणीय सुरक्षा र प्रमाण संरक्षणको समेत ख्याल राखी प्राविधिकको निर्देशनमा काम गर्ने ।

४ . **राहत प्रक्रियालाई सजिलो, पारदर्शी र पहुँचयोग्य बनाउन सहयोग गर्ने :** बाघ वा वन्यजन्तुबाट पीडित परिवारलाई राहत फर्म भर्ने, प्रमाण संकलन गर्ने, प्रक्रिया बुझाउने लगायतको कार्यमा सहयोग पुर्‍याउने ।

५ . **बाघ मित्र स्वयंसेवक विस्तारमा अग्रसर हुने :** बाघ मित्र स्वयंसेवकको आचार संहिताको बारेमा जानकारी दिंदै सो पालना गर्न प्रतिबद्ध रहेका व्यक्तिहरुलाई बाघ मित्र स्वयंसेवकको पहिचान दिनको लागि तोकिएबमोजिम कार्यालमा सिफारिस गरी स्थानीय स्तरमा बाघ मित्र स्वयंसेवक विस्तार गर्न अग्रसर हुने ।

६ . **जोखिमपूर्ण वन्यजन्तु गतिविधिको तत्काल जानकारी गराउने :** बाघ वा कुनै समस्याग्रस्त वन्यजन्तुको उपस्थिति, हर्कत वा खतरा देखिएमा कार्यालयमा तोकिएको अधिकारीलाई तुरुन्त सूचना दिने ।

७ . **समुदायमा सहअस्तित्वको चेतना फैलाउने :** बाघसँगको सह–अस्तित्वका लागि कार्यालय मार्फत आयोजना गरिने जनचेतनामूलक कार्यक्रमहरुमा सहभागी भै सहजिकरण र सहयोग गर्ने ।

८ . **स्वयंको ज्ञान, सीप र क्षमता अभिवृद्धि कार्यक्रमहरुमा सहभागी हुने :** प्रशिक्षण,अभिमुखीकरण, तालिम, अवलोकन भ्रमण आदिमा नियमित सहभागी भएर भूमिका अझ प्रभावकारी बनाउने ।

९. **सामूहिकता र पारदर्शी समन्वयमा आधारित कार्यशैली अपनाउने :** व्यक्तिगतभन्दा सामूहिक हितलाई प्राथमिकता दिँदै सबै सरोकारवालासँग सहकार्यमा सहभागी हुने ।

१०. **कानुनी, नीतिगत र संस्थागत निर्देश पालना गर्ने :** राष्ट्रिय निकुञ्ज/वन ऐन, नियमहरु तथा प्रचलित कानुन तथा कार्यालयको निर्देशनहरुको पालना गर्ने ।

**ख . बाघ मित्र स्वयंसेवकले गर्न नहुने कार्यहरू (✕ 10 Don’ts):**

१. **घटनापछि उत्तेजनापूर्ण व्यवहार नगर्ने :** मानवीय क्षतिपछि आक्रोश, प्रदर्शन वा उक्साहटपूर्ण अभिव्यक्तिले द्वन्द्व चर्किन सक्ने भएकोले संयमित भै सहजीकरण गर्ने।

२. **सामाजिक सञ्जालमा अनावश्यक फोटो वा अफवाह प्रचार नगर्ने :** घटनाको फोटो/भिडियो प्रयोगमा संवेदनशीलता अपनाउनु पर्ने साथै डर, भ्रम र आक्रोश फैलाउने कार्य नगर्ने ।

३. **झुटा विवरण वा बिचौलियाको भूमिकाबाट टाढा रहने :** राहत प्रक्रिया वा क्षतिको विवरणमा कुनै गलत जानकारी दिने वा लाभका लागि बिचौलिया बन्ने जस्ता गैरकानुनी कार्य नगर्ने ।

४. **मृत पशुको सिनो अनधिकृत रूपमा चलाउने वा प्रमाण नष्ट नगर्ने :** अनावश्यक रूपमा सिनो छुनु, तान्नु वा नष्ट गर्नु वैज्ञानिक परीक्षण र राहत प्रक्रियामा बाधक बन्न सक्ने भएकोले कार्यालयको प्रतिनिधिको रोहबरमा निर्देशन बमोजिम गर्नु पर्ने ।

५. **'बाघ मित्र' परिचयको व्यक्तिगत लाभका लागि प्रयोग गर्न नहुने :** यस्तो दुरुपयोगले संस्था, समूह र स्वयंसेवकको विश्वसनीयता गुमाउने भएकोले 'बाघ मित्र' परिचयको दुरुपयोग नगर्ने ।

६. **जोखिमयुक्त क्षेत्रमा बिना पूर्वतयारी वा अनुमति प्रवेश नगर्ने :** सुरक्षा निर्देशन अनिवार्य पालना गर्नु पर्नेछ, सुरक्षा निर्देशन बिपरित गरी आफ्नो ज्यान जोखिममा पार्ने कार्य नगर्ने ।

७. **वन्यजन्तुप्रति हिंसा, प्रतिशोध वा नकारात्मक मानसिकता प्रचार नगर्ने :** बाघ वा कुनै पनि वन्यजन्तुको सन्दर्भमा सत्रुजिब भन्ने जस्ता नकारात्मक भावना फैलाउन हुँदैन र संरक्षण अभियान प्रतिकुल हुने कार्य गर्नु हुँदैन ।

८. **'बाघ मित्र' स्वयंसेवकहरु बीच गुटबन्दी, प्रतिस्पर्धा वा गलत सूचना प्रवाह नगर्नेः** सहकार्य र विश्वासमाथि टेकेको 'बाघ मित्र' स्वयंसेवकहरु बीच अविश्वास पैदा गर्ने कार्य नगर्ने ।

९. **स्वयंसेवक भूमिकालाई राजनीतिक वा विभाजनकारी उद्देश्यका लागि प्रयोग नगर्नेः** जातीय, धार्मिक, राजनीतिक लाभका लागि स्वयंसेवक परिचय प्रयोग गर्नु हुँदैन ।

१०. **अनुशासन विपरीत, समन्वयविहीन कार्य नगर्ने :** व्यक्तिगत रूपमा निर्णय लिई कार्य गर्नाले **'बाघ मित्र'** अभियानमा नै बाधा पुर्‍याउने भएकोले पर्याप्त समन्वय र कार्यालयको निर्देशन विना कुनै पनि बिबादित कार्य गर्न अग्रसर हुनु हुँदैन ।







© Karun Dewan / WWF Nepal